समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
इलाम

कोशी प्रदेश, नेपाल

Green Ilam

पत्र संख्याः ०८०/८१

चलानी नः २९२

मितिः २०८०/०५/०३

**विषयः करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरुको तपसिलका तह र विषयका शिक्षकहरुको पदपूर्तिका लागि करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०८०/०५/०२ गतेको बैठकको निर्णयानुसार **करारमा शिक्षक** नियुक्तिको लागि यो विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरुले **मिति २०८०/०५/१७ गतेसम्म कार्यालय समय** भित्र फारम भरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ।

तपसिलः

| क्र सं | विज्ञापन नं | विद्यालयको नाम | तह | विषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०३/०८०/८१ | साङरुम्बा माध्यमिक विद्यालय, इलाम १२, साङरुम्बा | निम्न माध्यमिक | गणित विज्ञान | १ | रिक्त दरबन्दी |
| २. | | अमरज्योति आधारभूत विद्यालय, इलाम – १२, साङरुम्बा | निम्न माध्यमिक | गणित विज्ञान | १ | रिक्त दरबन्दी |
| ३. | ०४/०८०/०८१ | महमाई आधारभूत विद्यालय, इलाम – ५, दुधाङ | पूर्व प्राथमिक | | १ | अनुदान |

**क. आवश्यक न्यूनतम योग्यताः**

**१. निम्न माध्यमिक तृतीय श्रेणीको गणित विज्ञान विषयको लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग. तालिम प्राप्त गरेको।

घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**२. पूर्व प्राथमिक तहको लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. शिक्षा विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

**ख. आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२. आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि।

३. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि (निम्न माध्यमिक तहको लागि मात्र)।

४. २ प्रति पासपोर्ट साइजको फोटो।

५. विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्र (पूर्व प्राथमिक तहका लागि मात्र)।

६. पूर्व प्राथमिक तहको लागि स्थानीय विवाहित महिलालाई प्राथमिकता दिइनेछ।

७. आवेदन दस्तुरः निम्न माध्यमिक तहको लागि रु ७००, पूर्व प्राथमिक तहको लागि रु. ५००।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत दशौं)

समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
इलाम

पत्र संख्याः ०८०/८१

चलानी नः

कोशी प्रदेश, नेपाल

ग. परीक्षाको किसिमः शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित सामान्य परीक्षा र विषयगत परीक्षा (लिखित, अन्तर्वार्ता र प्रयोगात्मक) ।

घ. पूर्व प्राथमिक तहको लागि आवश्यक पाठ्यक्रम यसै सूचनासाथ संलग्न गरिएको छ ।

ङ. परीक्षा सम्बन्धी थप विवरण पछि प्रकाशन गरिनेछ ।

च. इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट तोकिएको शुल्क तिरेको रसिद र फारम लिई आवश्यक कागजातहरुमा आफैले प्रमाणित गरी शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ ।

२०८०/०४/०२

प्रेमकुमार गौतम
उप सचिव(अधिकृत दशौं)

**बोधार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम – जानकारीको लागि ।

श्री सम्बन्धित सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम – संलग्न सूचना प्रिन्ट गरी आ- आफ्नो कार्यालयमा टाँस गरिदिनु हुन ।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन ।

## इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय इलाम

## प्रारम्भिक बाल विकास/पूर्वप्राथमिक कक्षाका शिक्षक पदपूर्तिका लागि

## खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम २०८०

१. बाल मनोविज्ञान (क्षेत्र र आवश्यकता)

२. मानव वृद्धि र विकास

३. पूर्व बाल्यावस्था, उत्प्रेरणा र सिकाइ

४. बालमैत्री विद्यालयको अवधारणा

५. प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रम २०७७

६. प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका (संशोधनसहित) २०७५

७. नेपालको संविधान (मौलिक हक)

८. स्थानीय सरकार सञ्चालन ऐन २०७४ (शिक्षा सम्बन्धी)

९. शिक्षा ऐन र नियमावली (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकले पाउने सुविधाहरु, आचारसंहिता,पुरस्कार र दण्ड)

१०. विद्यालय र समुदाय/अभिभावकसँगको सम्बन्ध

११. शिक्षण विधि, सामग्री र शैक्षणिक योजना

### विशिष्टीकरण तालिका

| प्रश्नको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा अंक | समय | कैफियत |
|---|---|---|---|---|---|
| बहुवैकल्पिक | २० | १ | २० | २० मिनेट | |
| संक्षिप्त उत्तर आउने प्रश्न | १० | ५ | ५० | २ घण्टा ४० मिनेट | |
| लामो उत्तर आउने प्रश्न | ३ | १० | ३० | | |

प्रेमकुमार गौतम

उप सचिव(अधिकृत)